म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २७१ सोमबार, ४ जेठ २०८३ ने. सं. ११४६ अनलाथ्व 18 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हुप्राचौरमा निःशुल्क योगविज्ञान शिविर सुरु

हेटौंडा, ३ जेठ/हेटौंडा-४, हुप्रचौरमा निःशुल्क योगविज्ञान शिविर सुरु भएको छ । पतंजलि योग समिति मकवानपुर तथा महिला पतंजलि योग समिति मकवानपुरको संयुक्त आयोजनामा आइतबारदेखि पाँचदिने निःशुल्क योगविज्ञान शिविर सुरु भएको हो । पतंजलि योग समिति मकवानपुरका अध्यक्ष रामकृष्ण थापाकाअनुसार शिविरमा पहिलो दिन करिब १ हजार ५ सय जनाको उपस्थिति रहेको थियो । ज्येष्ठनागरिकसँगै युवाको पनि उल्लेखनीय सहभागिता रहेको उनले बताए । शिविर प्रत्येक दिन बिहान ४:३० बजेदेखि ६:३० बजेसम्म हुने आयोजकले जनाएको छ । भारतको हरिद्वारस्थित पतंजलि योगपीठबाट सन्यास ग्रहण गर्नुभएकी साध्वी देवादिती, महिला पतंजलि योग समिति नेपालका केन्द्रीय सदस्य हीरा अधिकारी र बागमती प्रदेशसभा सदसय एकालाल श्रेष्ठलगायतको आतिथ्य रहेको थियो । साध्वी देवादितीले योगका विभिन्न प्रक्रियाहरु सिकाइन् । शिविरमा सहभागीलाई योगविज्ञानका विभिन्न विधि सिकाउनुका साथै धार्मिक प्रवचन प्रदान गरिने आयोजकले जनाएको छ । विशेषगरी क्यान्सर, माइग्रेन र डिप्रेसन जस्ता नसर्ने रोगका बिरामीलाई लक्षित गरी शिविर आयोजना गरिएको आयोजकको भनाइ छ ।

बागमती प्रदेशद्वारा स्थानीय तहलाई १ अर्ब ४९ करोडभन्दा बढी समानीकरण अनुदान

# मकवानपुरका १० पालिकालाई ११ करोड १८ लाख

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेशभित्रका स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको अनुमानित बजेट विवरण पठाएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशका सबै १ सय १९ स्थानीय तहलाई अनुदानको प्रारम्भिक विवरण पठाएको हो ।




मन्त्रालयका अधिकृत इन्द्रराज संज्यालकाअनुसार वैशाख १० गतेको निर्णयअनुसार प्रदेश सरकारले स्थानीय तहलाई कुल १ अर्ब ४९ करोड ५५ लाख रुपैयाँ बराबरको समानीकरण अनुदान उपलब्ध गराउने तयारी गरेको छ । स्थानीय तहको सेवाप्रवाहलाई प्रभावकारी बनाउने, विकासनिर्माणलाई गतिदिने तथा आधारभूत पूर्वाधार विस्तारमा सहयोग पुऱ्याउने उद्देश्यले बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले स्थानीय तहलाई पठाएको समानीकरण अनुदान तीन शीर्षकमा विभाजन गरिएको छ । जसअन्तर्गत न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान तथा कार्यसम्पादन मूल्यांकनमा आधारित अनुदान समावेश गरिएको छ ।

मन्त्रालयकाअनुसार न्यूनतम अनुदान शीर्षकमा २१ करोड १९ लाख ७५ हजार रुपैयाँ, सूत्रमा आधारित शीर्षकमा १ अर्ब २२ करोड ३७ लाख ५ हजार रुपैयाँ तथा कार्यसम्पादन मूल्यांकनमा आधारित शीर्षकमा ५ करोड ९८ लाख २० हजार रुपैयाँ विनियोजन गरिएको छ । स्थानीय तहलाई बजेट वितरण गर्दा प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस, स्थानीय तहको जनसंख्या, भूगोल, पूर्वाधार अवस्था, राजस्व संकलन क्षमता, सेवाप्रवाहको अवस्था तथा कार्यसम्पादन मूल्यांकनलाई आधार बनाइएको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले स्थानीय तहबीच सन्तुलित विकासको लक्ष्यसहित बजेट वितरण गरिएको उल्लेख गरेको छ ।

मकवानपुर जिल्लाका १० स्थानीय तहका लागि मात्रै कुल ११ करोड १८ लाख ५० हजार रुपैयाँ बराबरको समानीकरण अनुदान विनियोजन गरिएको छ । जसमा न्यूनतम शीर्षकमा १ करोड ९६ लाख ८५ हजार रुपैयाँ, सूत्रमा आधारित शीर्षकमा ८ करोड ७४ लाख ८४ हजार रुपैयाँ तथा कार्यसम्पादन मूल्यांकनका आधारमा ४६ लाख ८१ हजार रुपैयाँ समावेश गरिएको मन्त्रालयले जनाएको छ । मकवानपुरभित्र सबैभन्दा धेरै बजेट हेटौंडा उपमहानगरपालिकाले प्राप्त गर्ने भएको छ । हेटौंडाले आगामी आर्थिक वर्षका लागि कुल २ करोड ७७ लाख ३ हजार रुपैयाँ समानीकरण अनुदान पाउने भएको हो ।

यसमध्ये न्यूनतम अनुदान तर्फ ३२ लाख २० हजार रुपैयाँ, सूत्रमा आधारित शीर्षकमा २ करोड ४० लाख ३२ हजार रुपैयाँ तथा कार्यसम्पादन मूल्यांकनका आधारमा ४ लाख ५१ हजार रुपैयाँ समावेश गरिएको छ । प्रदेश राजधानीसमेत रहेको हेटौंडामा जनघनत्व, पूर्वाधार विस्तार र सेवाप्रवाहको दायित्व बढी भएकाले तुलनात्मकरुपमा बढी बजेट विनियोजन गरिएको विश्लेषण गरिएको छ । त्यसैगरी थाहा नगरपालिकाले कुल १ करोड १२ लाख १७ हजार रुपैयाँ समानीकरण अनुदान प्राप्त गर्ने भएको छ । नगरपालिकाले न्यूनतम अनुदानतर्फ १७ लाख १५ हजार रुपैयाँ, सूत्रमा आधारित ९० लाख ३३ हजार रुपैयाँ तथा कार्यसम्पादनमा आधारित ४ लाख ६९ हजार रुपैयाँ पाउनेछ ।

मनहरी गाउँपालिकाले आगामी आर्थिक वर्षमा १ करोड १२ लाख १९ हजार रुपैयाँ पाउने भएको छ । जसमा न्यूनतम शीर्षकमा १७ लाख ९५ हजार रुपैयाँ, सूत्रमा आधारित ८९ लाख ४५ हजार रुपैयाँ तथा कार्यसम्पादनमा आधारित ४ लाख ७९ हजार रुपैयाँ रहेको छ । बकैया गाउँपालिकाले कुल १ करोड १२ लाख ७ हजार रुपैयाँ बराबरको अनुदान प्राप्त गर्ने भएको छ । गाउँपालिकाको लागि न्यूनतम शीर्षकमा २२ लाख ४५ हजार रुपैयाँ, सूत्रमा आधारित ८४ लाख ७९ हजार रुपैयाँ तथा कार्यसम्पादनमा आधारित ४ लाख ८३ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

बागमती गाउँपालिकाले ९८ लाख ९८ हजार रुपैयाँ प्राप्त गर्ने भएको छ । गाउँपालिकाको लागि न्यूनतम अनुदान २१ लाख ६५ हजार रुपैयाँ, सूत्रमा आधारित ७१ लाख ८१ हजार रुपैयाँ तथा कार्यसम्पादनमा आधारित ५ लाख ५२ हजार रुपैयाँ विनियोजन गरिएको छ । भीमफेदी गाउँपालिकाले कुल ९० लाख ४० हजार रुपैयाँ प्राप्त गर्ने भएको छ । जसअन्तर्गत न्यूनतम शीर्षकमा १८ लाख ६० हजार रुपैयाँ, सूत्रमा आधारित ६७ लाख ७९ हजार रुपैयाँ तथा कार्यसम्पादनमा आधारित ४ लाख १ हजार रुपैयाँ रहेको छ ।

राक्सिराङ गाउँपालिकाले कुल ८७ लाख ४३ हजार रुपैयाँ पाउने भएको छ । गाउँपालिकाका लागि न्यूनतम शीर्षकमा १८ लाख ६० हजार रुपैयाँ, सूत्रमा आधारित ६३ लाख ३४ हजार रुपैयाँ तथा कार्यसम्पादन मूल्यांकनमा आधारित ५ लाख ४९ हजार रुपैयाँ विनियोजन गरिएको छ । मकवानपुरगढी गाउँपालिकाले कुल ८७ लाख १४ हजार रुपैयाँ प्राप्त गर्ने भएको छ । जसमा न्यूनतम अनुदान १६ लाख ३५ हजार रुपैयाँ, सूत्रमा आधारित ६६ लाख ६९ हजार रुपैयाँ तथा कार्यसम्पादनमा आधारित ४ लाख १० हजार रुपैयाँ समावेश गरिएको छ ।

कैलाश गाउँपालिकाले कुल ८१ लाख ९८ हजार रुपैयाँ पाउने भएको छ । गाउँपालिकाको लागि न्यूनतम शीर्षकमा १८ लाख ८० हजार रुपैयाँ, सूत्रमा आधारित ५८ लाख २१ हजार रुपैयाँ तथा कार्यसम्पादन मूल्यांकनमा आधारित ५ लाख १७ हजार रुपैयाँ छुट्याइएको छ । मकवानपुरभित्र सबैभन्दा कम बजेट इन्द्रसरोवर गाउँपालिकाले प्राप्त गर्ने भएको छ । गाउँपालिकाले कुल ५९ लाख ११ हजार रुपैयाँ समानीकरण अनुदान पाउने भएको हो । जसमा न्यूनतम शीर्षकमा १३ लाख ३० हजार रुपैयाँ, सूत्रमा आधारित ४२ लाख ११ हजार रुपैयाँ तथा कार्यसम्पादनमा आधारित ३ लाख ७० हजार रुपैयाँ रहेको मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराइने समानीकरण अनुदानले आगामी आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि तथा सामाजिक विकासलगायत क्षेत्रका कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । स्थानीय तहले आफ्नो आवश्यकता र प्राथमिकताका आधारमा बजेट उपयोग गर्दै सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने विश्वास प्रदेश सरकारले लिएको छ ।

# १० महिनामा हेटौंडा नगरको ३० करोड राजस्व संकलन




साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षको १० महिनामा ३० करोडभन्दा बढी राजस्व संकलन गरेको छ । आर्थिक वर्ष सकिन दुई महिना बाँकी रहँदा उपमहानगरले लक्ष्यको ५८ प्रतिशत राजस्व संकलन गरेको जनाएको छ ।

उपमहानगरले चालु आर्थिक वर्षमा ५२ करोड ७६ लाख ८० हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा साउनदेखि वैशाखसम्मको अवधिमा ३० करोड ७० लाख ५३ हजार ८ सय रुपैयाँ राजस्व संकलन भएको प्रशासन महाशाखाप्रमुख उपनिर्देशक जगन्नाथ अर्यालले जानकारी दिएका छन् । उनकाअनुसार एकीकृत सम्पत्ति करबाट सबैभन्दा बढी ६ करोड ९४ लाख ३४ हजार रुपैयाँ संकलन भएको छ ।

घरबहाल करबाट ४ करोड ७१ लाख ५ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट ३ करोड २४ लाख ४९ हजार, अन्य बिक्रीबाट ३ करोड ७१ लाख ३९ हजार र बहाल-बिटौरी करबाट २ करोड ५० लाख ६९ हजार रुपैयाँ संकलन भएको छ ।

सिफारिस दस्तुरबाट २ करोड ३८ लाख ५५ हजार, व्यवसाय करबाट २ करोड १७ लाख १४ हजार तथा नक्सापास दस्तुरबाट १ करोड ७६ लाख ८७ हजार रुपैयाँ राजस्व उठेको उपमहानगरले जनाएको छ । अन्य सेवा शुल्क तथा बिक्रीबाट ९२ लाख ५५ हजार, दहत्तर-बहत्तर बाट ४३ लाख ९४ हजार, प्रशासनिक दण्ड जरिवानाबाट ३८ लाख ४८ हजार, अन्य प्रशासनिक सेवा शुल्कबाट ३५ लाख ७२ हजार, विद्युत सेवा शुल्कबाट १९ लाख ६५ हजार, अन्य दस्तुर १४ लाख ८४ हजार, मनोरञ्जन करबाट १ लाख २० हजार र विज्ञापन कर बाट २४ लाख ५५ हजार रुपैयाँ संकलन भएको छ ।

शिक्षाक्षेत्रको आम्दानी ५ लाख ७७ हजार, भूमिकर र मालपोतबाट ४ लाख ५६ हजार, सरकारी सम्पत्ति बहालबाट १ लाख ३६ हजार, न्यायिक दण्ड जरिवानाबाट ८६ हजार, व्यवसायबाट ६८ हजार, अन्य करबाट २७ हजार, व्यक्तिगत घटना दस्तुरबाट ८ हजार, न्यायिक दस्तुर बाट ६ हजार, परीक्षा शुल्क ४ हजार, निजी धाराबाट ३ हजार, नाता प्रमाणित दस्तुरबाट ३ हजार र साना सवारीबाट १ हजार रुपैयाँ राजस्व संकलन भएको उनले जानकारी दिए । उपमहानगरले लक्ष्यअनुसार राजस्व संकलन नहुनुको कारण आर्थिक गतिविधि प्रभावित हुनु रहेको जनाएको छ ।

बाँकी अवधिमा लक्ष्य अनुसार राजस्व उठाउन नगरप्रहरी परिचालन गरी व्यवसाय दर्ता तथा करतिर्न आग्रह गरिएको प्रशासन महाशाखाप्रमुख अर्यालले बताए । उनकाअनुसार १९ वटै वडामा नगर प्रहरी परिचालन गरी करदातालाई समयमै करतिर्न आग्रह गरिएको छ । करतिर्न प्रोत्साहन गर्न माइकिङ, फोन तथा मोवाइल सन्देश पठाउने कार्य भइरहेको छ भने असल करदातालाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिएको छ । राजस्व संकलन बढाउन सहज र सुलभ सेवाप्रवाहमा विशेष जोड दिइएको तथा नगरप्रमुखसहितको घरदैलो अभियान सञ्चालन गर्ने तयारी गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

# 'जबज'को सान्दर्भिकता अझ बढेको छः पूर्वमुख्यमन्त्री पौडेल



साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले वर्तमान राजनीतिक परिस्थितिमा जननेता मदन भण्डारीले प्रतिपादन गर्नुभएको 'जनताको बहुदलीय जनवाद' (जबज) को सान्दर्भिकता अझ बढेर गएको बताएका छन् ।

३३ औं मदन-आश्रित स्मृति दिवसका अवसरमा आईतबार हेटौंडामा आयोजित श्रद्धाञ्जली कार्यक्रमका अवसरमा उनले यस्तो बताएका हुन् । मदन भण्डारी फाउन्डेसन मकवानपुरको आयोजनामा हेटौंडा-९ स्थित दिव्य बालउद्यानमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा उनले मुलुकको समृद्धि र राजनीतिक स्थिरताका लागि जबजको मार्गदर्शन अपरिहार्य रहेको उल्लेख गरेका छन् । उनले आफूहरु पदमा रहेपनि नरहे पनि मकवानपुर र समग्र बागमती प्रदेशको विकासका लागि निरन्तर लागिपर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा नेकपा एमालेका नेता एवं राष्ट्रियसभाका पूर्वसदस्य केदार न्यौपानेले पार्टीको सिद्धान्त र निष्ठाप्रति प्रतिबद्ध हुँदै एमालेले सधैँ जनताको आधारभूत आवश्यकता र राष्ट्रियताको पक्षमा आवाज उठाइरहने दाबी गरे । त्यस्तै, एमाले बागमती प्रदेश कमिटी सदस्य सुमित्रा काफ्लेले महिला हकहित र नेतृत्व विकासमा जोड दिइन् भने एमाले मकवानपुरका कार्यवाहक अध्यक्ष हिदम लामाले समाज रुपान्तरण र समृद्धिको यात्रामा सबै एकजुट हुनुपर्ने धारणा राखे । कार्यक्रममा हेटौंडा-९ का वडाअध्यक्ष सुकराम केसीले दिव्य बालउद्यान लगायत समग्र वडाको विकास निर्माणका कार्यमा स्थानीय जनप्रतिनिधि निरन्तर लागिपरेको बताए ।

फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालले जननेता भण्डारीको विचारलाई आत्मसात गर्दै समाजमा समानता, न्याय र लोकतन्त्र स्थापनाका लागि फाउन्डेसन निरन्तर सक्रिय रहने बताए । त्यसअघि कार्यक्रममा उपस्थित नेता तथा कार्यकर्ताले दिव्य बालउद्यानमा रहेको जननेता मदन भण्डारी र जीवराज आश्रितको प्रतिमामा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका थिए । फाउन्डेसनले यो वर्ष मदन-आश्रित स्मृति दिवसका अवसरमा शनिबार संस्कृत विद्यालयमा खाद्यान्न वितरण गरेको थियो ।







साझाकुरा

## हाम्रो कुरा

# प्रक्रियामा गयो प्रशासनिक भवन निर्माण

कामचलाउ भवनमा बसिरहेको प्रदेशका मन्त्रालयसहितका प्रशासनिक भवन निर्माण गर्ने बाटो खुलेको छ । बागमती प्रदेश सरकारले हेटौंडामा एकीकृत प्रशासनिक संरचना निर्माण गर्ने स्थलमा रुख कटानका लागि छपानको काम सुरु गरेको छ । बागमती सरकारले एकीकृतढंगले आफ्ना स्थायी संरचना निर्माण गर्नका लागि रुख कटानका लागि छपानको काम थालेको हो । २०८२ चैत १ को मन्त्रिपरिषद् निर्णयअनुसार हेटौंडा उपमहानगर पालिका-१६ र १७ मा रहेको ३१ दशमलब २ हेक्टर राष्ट्रिय वनक्षेत्र प्रदेश सरकारले प्रशासनिक भवन निर्माणका लागि प्रयोग गर्न पाउने गरी भोगाधिकार प्राप्त गरेको थियो । यो आयोजनामा २७ दशमलब ५७ हेक्टर (घ्याम्पे र चुरेकाली सामुदायिक वन) को वनक्षेत्र पर्छ भने ३ दशमलब ४५ हेक्टर विद्यालय र सार्वजनिक जग्गा पर्छ । वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) बमोजिम भोगाधिकारका लागि स्वीकृति प्राप्त भएको जग्गामा प्रदेश सरकारले मन्त्रालयसहितका विभिन्न संरचना निर्माणको योजना बनाएको छ । भवन निर्माणका लागि यो क्षेत्रमा रहेका विभिन्न प्रजातिका ५ हजार २ सय २६ वटा रुख तथा पोल हटाउन वन विभागले अनुमति दिइसकेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले ५ हजार २२६ रुख कटानवापतको नयाँ विरुवा रोप्न तथा हुर्काउन लाग्ने दस्तुर समेतको रकम जम्मा गरेर विभागसँग सम्झौता गरेको हो । ४/५ दिनभित्र छपान सकेर रुख कटानको काम सुरु हुने बताइएको छ । संघीय सरकारको वन तथा भूसंरक्षण विभाग र प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयबीच वनक्षेत्रको जग्गा उपभोगका लागि सम्झौता भइसकेको छ । जग्गा भोगाधिकार र रुख कटानका विषयमा विभाग र प्रदेश सरकार बीच औपचारिक सम्झौताको प्रक्रिया टुंगिएसँगै रुख कटानका लागि छपानकार्य सुरु गरेको हो । यो क्षेत्रमा मसला, कुकाठका रुख बढी रहेको वन कार्यालयले जनाएको छ । लामो समयदेखि भाडाका घर र छरिएर रहेका पुराना सरकारी भवनबाट कार्यसम्पादन गर्दै आएका प्रदेशका मन्त्रालयहरु अब एउटै परिसरमा व्यवस्थित हुनेगरी एकीकृत संरचना निर्माण कार्यमा अघि बढेको हो । यो कार्यका लागि प्रदेश सरकारले सोमबार वन तथा भूसंरक्षण विभागसँग सम्झौता गरेको छ । पूर्वाधार निर्माण प्रक्रियालाई अघि बढाउन भौतिक पूर्वाधार विकास मन्त्रालयले यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाका सिडिई चन्द्रदेव भट्टलाई आधिकारिक प्रतिनिधि र प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजनाका इन्जिनियर राजन गौतमलाई साक्षीका रुपमा तोकेर सोमबार विभागमा पठाएको थियो । उनीहरुले सोमबार नै विभागसँग सम्झौता गरेका थिए । जग्गा भोगाधिकार प्राप्तिका लागि विभागसँग सम्झौता गर्नुको साथै प्रदेश सरकारले ३ करोड ४१ लाख रुपैयाँ वन विकास कोषमा जम्मा गरिसकेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयकाअनुसार सरकारले चालु आर्थिक वर्षभित्रै फिल्डमा निर्माणको काम सुरुगर्ने लक्ष्य राखेको छ । प्रक्रियागत काममा केही समय लागेपनि अब रुख कटान र जग्गा व्यवस्थापनको कामले गतिलिने बताइएको छ । जग्गा प्राप्ति गर्दा यो क्षेत्रमा रहेका बोटबिरुवा र रुखको संरक्षण तथा वृक्षरोपणका लागि आवश्यक पर्ने रकमको सुनिश्चितततासहित रकम जम्मा गरेर प्रक्रियागतरुपमा सबै काम सम्पन्न गरेको छ । राष्ट्रिय भवनसंहितामा आएको परिवर्तन र मन्त्रालयको संख्यामा भएको हेरफेरका कारण पुराना डिजाइनमा केही प्राविधिक र व्यवस्थापकीय परिमार्जन गरिएको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ । जग्गा पर्याप्त भएकाले संरचना निर्माणलाई राम्रो र प्रभावकारी ढंगले उपयोग गर्ने तयारीमा मन्त्रालय जुटेको छ । निवास र केही मन्त्रालयलाई एकीकृत भवनमा राख्ने र आवश्यकताअनुसार केही छुट्टै भवन पनि बनाउने गरी डिजाइन अन्तिमचरणमा पुगेको मन्त्रालयले जनाएको छ । २०७६ देखि जग्गा प्राप्तिको कानुनी प्रक्रियामा अल्झिएको योजनालाई संघीय मन्त्रिपरिषद् बैठकले टुंग्याएसँगै संरचना निर्माणको बाटो खुलेको हो । २०७४ सालमा प्रदेश संरचना बने पनि आफ्नो भवन नभएकाले प्रदेशका मन्त्रालयहरु साँघुरा सरकारी भवन र भाडाका घरबाट सञ्चालन भइरहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ ५ गते मंगलबार १९ मे २०२६ । तृतीया, जेठ शुक्लपक्ष । अनलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:५५ सूर्यास्त ६:४७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | **तुला** | : मानसिक तनाव बढ्नेछ |
| **वृष** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **वृश्चिक** | : मनमा छट्पटि बढ्नेछ |
| **मिथुन** | : पवित्र कर्ममा मन जानेछ | **धनु** | : शत्रु पराजय हुनेछ |
| **कर्कट** | : घरेलु समस्याले सताउने देखिन्छ | **मकर** | : बुद्धि र पराक्रम बढ्नेछ |
| **सिंह** | : महत्वपूर्ण भेटघाट हुनेछ | **कुम्भ** | : नातागोतासूग भेटघाट हुनेछ |
| **कन्या** | : उपहार हात लाग्नसक्नेछ | **मीन** | : रोकिएको कामहरु बन्नेछ |

# ‘प्रधानमन्त्री यो संसदीय प्रणालीमा बस्न चाहनुहुन्न’



✍ कृष्ण खनाल

अमेरिकाको संविधान बनेको २०० वर्ष नाघिसकेको छ । आज पनि त्यत्तिकै महत्वपूर्ण भएर संविधान कायम छ । कयौं जेनेरेसन पार भएर गइसक्यो । नजिकको उदाहरण भारतको संविधान बनेको ७५ वर्ष नाघ्यो । त्यही संविधानमा टेकेर ठूलो बहुमतसहित सत्तामा भारतीय जनता पार्टी छ । भारतको यो संविधान निर्माणको क्रममा भाजपा आधारभूत कुरासँग असहमत थियो । त्यतिखेर बीजेपी बनेको थिएन ।

जनसंघ थियो । जनसंघभन्दा अगाडि हिन्दु महासभा थियो । संसदीय प्रणालीप्रति भाजपा कतिपय विषयमा सहमत थिएन । त्यही संविधानको आधारमा नरेन्द्र मोदी ३/३ पटक प्रधानमन्त्री बने । संविधान निर्माण भएको ७५ वर्षमा प्रधानमन्त्री मोदीले संविधानप्रतिको आस्था व्यक्त गरे । हाम्रो संविधान पनि निरन्तरता बोक्ने संविधान हो । यो संविधान कसैले पनि फाल्न सक्दैन । संविधानलाई गिजोल्न भने सक्ने छन् । त्यसबाट जोगिने कसरी भन्ने हो ।

अहिलेको संसद्मा संविधान निर्माता अत्यन्तै थोरै छन् । तर, यो संविधानको अभ्यास गरी यसको सुविधाहरू लिएर सत्तामा पुगेका मानिसहरू संसद्मा धेरै छन् । ५० वर्ष पछि यो संविधान निर्माता कहाँ पाउनु खोजेर ? पाइँदैन । संविधानमा पूर्णविराम र कमा किन राखियो ? संविधान निर्माताहरूलाई थाहा छ । पूर्णविराम र कमाको पनि विकल्प हुने थियो होला नि ! कुनै अक्षर वा अक्षरको अर्को विकल्प हुन्थ्यो होला । किन अर्को शब्द चयन नगरी त्यही शब्द राखियो ? यो संविधान बनाउनेहरू संसद्मा नभएपनि त्यसको निर्माताहरू सबै पार्टीमा छन् । एकपटक फेरि झकझक्याउन जरुरी छ ।

२०४७ सालको संविधानमा पछाडि भागमा एनेक्स सहित छुट्टै व्याख्यात्मक टिप्पणीको व्यवस्था थियो । त्यसलाई सन्दर्भका रुपमा लिने गरिन्थ्यो । अहिले व्याख्यात्मक टिप्पणी किन छैन ? संवैधानिक समितिका ठेलीका ठेली प्रतिवेदन छन् । व्याख्यात्मक वा सन्दर्भ सामग्री हुन सक्दैन । त्यसकारण यी कुराहरू एकपटक हेर्नु जरुरी छ । अहिलेको मात्रै कुरा गरेर हुँदैन कि जस्तो लाग्छ । पहिलाका संविधान निर्माताहरूसँगलाई पनि यो विषयमा छलफलको आवश्यक देख्छु ।

जेन्जी विद्रोह देखि नै अहिलेका प्रधानमन्त्री बालेन्द्र शाहलाई प्रत्यक्ष निर्वाचित कार्यकारी बनाउने कुराहरु हुँदै आएका थिए । जेनजी अगुवाहरुले पनि भन्नुभएको थियो । यही संवैधानिक प्रणालीबाट प्रधानमन्त्री बनेका बालेनको व्यवहार प्रत्यक्ष निर्वाचित कार्यकारीको जस्तो देखिन्छ । संसद्मा प्रधानमन्त्रीको उपस्थितको आवश्यकता छैन भन्ने अभिव्यक्ति आएका छन् । प्रत्यक्ष कार्यकारी राष्ट्रपति हुने व्यवस्था हो भने संसद्मा हरेक पटक नगए पनि हुन्छ । तर यही प्रणालीबाट निर्वाचित प्रधानमन्त्री संसद्बाट बाहिर अलग हुन मिल्दैन ।

जसरी बालेन शाह काठमाडौँको महानगरको मेयरमा निर्वाचित हुन सक्नुभयो । त्यसरी, राष्ट्रपतीय प्रणालीमा निर्वाचित हुन सक्नुहुन्छ ।

तर, हाम्रो संसदीय प्रणालीमा पार्टीबिना कोही पनि व्यक्ति प्रधानमन्त्री बन्न सक्दैन । बहुमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री हुने संविधानले व्यवस्था गरेको छ । कार्यपालिका, न्यायपालिका र विधायिका तीनवटै संस्थाको अधिकारका बारेमा पुनर्लेखन नगर्ने हो भने कार्यकारी प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन गर्ने अथवा राष्ट्रपतिमा जाने भनेर मात्रै पुग्दैन ।

संविधान सभाको बेला पनि फ्रेन्च मोडेलको कार्यकारीमा जाने गरी छलफल भएका थिए । चेक एण्ड ब्यालेन्सको संस्थागत आधारहरू निर्माण नगरिकन कार्यकारीको लागि सम्भावना म देख्दिनँ । सरकारले संविधान संशोधन अहिले होइन, एक वर्षपछि प्रदेश र स्थानीय चुनावपछि साँच्चै संविधान संशोधनको प्रयत्न गर्नसक्छ । त्यतिखेर रोक्न सक्ने तागत अहिले संसद्मा भएका पार्टी हुन्छ कि हुँदैन ? त्यो तागत कसरी कांग्रेस लगायतका दलले संचय गर्ने ? रास्वपालाई संविधान संशोधनको अवरोध एक वर्ष पछिको चुनावले फाल्नसक्छ । त्यो बीचमा अरु पार्टीहरूको स्थितिमा सुधार भएन भनेदेखि माथिल्लो सदनमा पनि बहुमत रास्वपाको हुनसक्छ ।

त्यतिबेला नोट अफ डिसेन्ट लेख्ने, असहमति लेख्ने बाहेक कांग्रेस एमालेको के काम बाँकी रहन्छ र ? सरकारले अहिले संशोधनका लागि गरेको कुरा नाटक हो । साँच्चै संविधान संशोधनको गम्भीर प्रयत्न प्रदेशको निर्वाचन पछि आउन सक्दछ । बरु दलहरुले रणनीति त्यसै अनुसार बनाउनु जरुरी छ । प्रधानमन्त्रीको सबै कार्यशैली हेर्दा खेरि उहाँ यो संसदीय प्रणालीको प्रधानमन्त्री भएर बस्न चाहनुहुन्न । यो निर्वाचन प्रणालीबाट बहुमत कसैको नआउने भनी संविधान संशोधनको कुरा ती दलले उठाएका हुन् । समानुपातिक प्रणाली व्यवस्थाको बारेमा बहस हुँदा पनि संलग्न थिएँ ।

राज्य पुनर्संरचना समितिमा त्यसबेला डाक्टर रामवरण यादवलाई १० पेजको अवधारणा पनि पेश गरेको थिएँ । त्यसबेला एउटा विचारमा संविधान सभामा प्रत्यक्ष र समानुपातिक दुवैको संयोजन हुनुपर्दछ भन्ने थियो । दोस्रो विचारमा राज्य पुनर्संरचना आयोग बन्नुपर्छ भन्ने थियो । आयोग बनाइएन । अहिले रास्वपामा सर्वाधिक प्रतिनिधि कुन समुदायको पर्छ ? प्रत्यक्षबाट एक जना दलित होइन आएको ? मधेसी समूदायबाट अलि धेरै आए तर सन्तुलन छैन ।

२०४८ सालको प्रतिनिधि सभा र अहिले रास्वपाबाट आएका १२५ हेरौं त । अहिले अझ बढी विभेद बढेको होला । समानुपातिक समाजभित्रको आकांक्षालाई सम्बोधन गर्न आएको हो । लोकतन्त्र भनेको प्रतिनिधिको शासन हो । प्रतिनिधि भनेको समाजको अनुहार प्रतिनिधित्व गर्ने प्रकारको हुनुपर्छ । समाज जस्तो बनोट छ, त्यसको अनुहार संसदमा प्रतिविम्बित हुनुपर्दछ । प्रतिनिधि सभामा समानुपातिकलाई अहिले रहेको तपाईं ११० बाट कम गर्नसक्नुहुन्छ । २० प्रतिशत भन्दा बढ्दा चाहिँदैन । प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधि हुन सकेका समूह समूहहरूको प्रतिनिधिको लागि नै क्षेत्र सुरक्षित गर्न सकिन्छ । महिलाको लागि कम्तिमा पनि पार्टीले आधा उम्मेदवार दिने गरी जानुपर्दछ । कांग्रेसले त्यो प्रारम्भ गर्नुस् । के नै फरक पर्छ र ?

१२-१५ प्रतिशत दलित उम्मेदवार राख्नु तोक्नुस् । त्यसैगरी जनजाति, मधेसीको अनुपात अनुसार उम्मेदवार बनाउन सकिन्छ । समानुपातिक प्रतिनिधित्वमा अलिकति तलमाथि गर्दा मधेस अर्कै किसिमबाट अगाडि आउँछ । बालेनले मधेस जोगाएर जोगिँदैन त्यतिखेर । मधेस कसरी बन्यो हिजो ? मधेस आन्दोलन किन निर्माण भयो ? संघीयतासँग मानिसको सेन्टिमेन्ट कसरी जोडिएको छ । ती कुरा कुरालाई चलाउने बित्तिकै राजनीति सम्हाल्न यहाँको यो संसद्को बहुमतले सक्दैन । जनता जागिसकेपछि संसद्को बहुमत निर्णायक नहुने कांग्रेस र एमालेको हिजोको सरकार भएकै बेला थाहा भएको हो । त्यसमा अहिलेको संसद्मा त अपवाद हुन सक्दैन ।

संवैधानिक परिषद् आवश्यक छैन । २०६३ सालमा अन्तरिम संविधान हुँदै यो संविधान आइपुग्दा संवैधानकि परिषद्को व्यवस्थामा गढबढ भयो । संवैधानिक परिषद्को मर्म विपरीतको व्यवस्था गरिएको छ । एउटै व्यक्तिको पटक-पटक सुनुवाई हुनुपर्ने व्यवस्था उपयुक्त छैन । संवैधानिक आयोगहरूमा अख्तियार दूरुपयोग आयोग दुश्मन साँध्ने मात्रै काममा प्रयोग भएको छ । नियुक्ति प्रक्रियाका दोषी राजनीतिक दलहरू छन् । हिजो महेन्द्रले पञ्चायत आफ्नो प्रशासनलाई कायम गर्ने किसिमबाट बनाएको संवैधानिक आयोगको त्यहि नियुक्ति परम्परा हामीले कायम राख्यौं ।

एउटा सामान्य नागरिक अनि सचेत नागरिक त्यसको नेतृत्व किन गर्न सक्दैन ? नागरिकको विवेकलाई त्यहाँ समाप्त गरेका छौं । अनि, प्रशासनलाई पैतालामा हाल्दिएका छौं । धेरैवटा संवैधानिक आयोग पनि चाहिँदैन । मानव अधिकार आयोगले अहिलेसम्म केहि न केहि साख जोगाएको छ । के त्यस्तै अरु आयोगहरू होलान् ? आयोगको बारेमा अलिकति पुनर्विचार गर्नुपर्दछ । न्यायपरिषद्ले व्यक्तिको योग्यता हेरेर सिफारिस गरेको हुन्छ । पटक पटक सुनुवाई हुनुपर्ने व्यवस्था हटाउनुपर्दछ । संवैधानिक संसदीय सुनुवाई वास्तवमा अलिकति प्रतिष्ठा भएको मान्छे संवैधानिक सुनुवाईमा जाँदैन ।

एकजना निर्वाचित भएर आउने बित्तिकै कुनै राजदूत सिफारिस भएको योग्यता कसरी छुट्याउन सक्छ ? सांसद त जनप्रतिनिधिको हिसाबले चिनिन्छ । आफ्नो भूमिका भएन भनेर उपराष्ट्रपतिको सँधै गुनासो छ । उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको अध्यक्ष बनाउने गरी संविधान संशोधन गर्न सकिन्छ । प्रधानन्यायाधीश विरुद्ध महाभियोग प्रस्ताव दर्ता हुनासाथ निलम्बन गर्ने व्यवस्था हटाउनुपर्दछ । प्रधानन्यायाधीश जस्तो पदलाई त्यति सजिलो गरि निलम्बन गर्ने व्यवस्था राख्न हुँदैन । महाअभियोग प्रस्ताव दर्ता भएपछि कार्यालय जान पाउने तर सुनुवाई गर्न नपाउने व्यवस्था राखे गरे भयो ।

*(साभार: अनलाइनखबर)*

# बालेन सरकार ‘सब्भर्टिङ एक्सपेक्टेसन’को अभ्यास गर्दै

✍ कपिल काफ्ले

अपेक्षा पूर्वअनुभवले निर्धारण गर्छ । हामीले असार-साउन महिनामा पानी परेको देखेका छौं, हामी यस वर्ष पनि त्यसै होला भनेर सोच्छौं । तर, वैशाख महिनामै यति पानी परिरहेको छ कि असार-साउन शरद ऋतुजस्तो हुने सम्भावना छ । चैत्र-वैशाख वसन्त, जेठ-असार गृष्म, साउन-भदौ वर्षा भनेर केटाकेटीमा ६ ऋतु घोकेको काम नलाग्ने भएको छ । आकाशको बादल वैशाखमै रित्तिएका कारण यसपटकको वर्षा ऋतुमा अपेक्षित वर्षा नहुन सक्छ । प्रकृतिले नै ‘सब्भर्टिङ एक्सपेक्टेसन’को अभ्यास गरिरहेको छ ।

प्रकृतिको प्रभाव व्यक्ति र समाजमा पर्नु स्वाभाविक छ । अपेक्षाअनुसार काम नगर्ने प्रवृत्ति नयाँ पुस्तामा बढिरहेको छ । मानव सोचमा ‘सब्भर्टिङ एक्सपेक्टेसन’ मौलाइरहेको छ । खासगरी, चलचित्र क्षेत्रमा पछिल्लो समय ‘सब्भर्टिङ एक्सपेक्टेसन’को प्रयोग सफल देखिन्छ । दर्शकहरुलाई पहिला नै अनुमान गर्न सकिने परिणामवाला चलचित्र मन पर्दैन । उनीहरु झुक्किन चाहन्छन् । हिरो भन्ठानेको व्यक्ति भिलेन भएको, पुरुष ठानेको पात्र महिला बनेर आएको, मूर्ख भनेको मान्छे विद्वान् प्रमाणित भएको दर्शकलाई मन पर्छ । खासगरी नयाँ पुस्ता पूर्वमान्यताहरु तोडिएको हेर्न चाहन्छ । जेन-जी र जेन-बाईहरु जेन-एक्स र सेनियर सिटिजनको नेतृत्व मन पराउँदैनन् ।

धर्मप्रसाद ढकाललाई काटेर र १४ वर्ष जेल बसेर प्रधानमन्त्री बनेका केपी ओली र १७ हजार नेपालीको अकाल मृत्यु हुने गरी सशस्त्र विद्रोह गरेर प्रधानमन्त्री भएका पुष्पकमल दाहाल प्रचण्डलाई नयाँ पुस्ताले मन पराएन । प्रतिनिधिसभाको पछिल्लो निर्वाचनमा उनीहरु अनपेक्षित रुपमा बढारिए । यहाँ जुन ‘अनपेक्षित रुपमा’ शब्दावलीको प्रयोग गरियो, अर्थात् ‘सब्भर्टिङ एक्सपेक्टेसन’को चिरफार नै यस आलेखको लक्ष्य हो । कुनै परिणामप्रति जो अपेक्षा र अनपेक्षा गरिन्छ, त्यो हाम्रो ज्ञानमा आधारित हुन्छ । ९९ जनाको हत्या गर्ने अंगुलीमालले भगवान् बुद्धलाई पनि मार्छु भनेर गरिएको अपेक्षा पूरा भएन, ऊ उल्टै बुद्धको शिष्य हुन तयार भयो । यसरी हेर्दा सधैं समाज सरल रेखामा चल्दैन भनेर निष्कर्ष निकाल्नुपर्छ । चल्दैन पनि ।

जस्तो, राजनीतिक क्षेत्रको पछिल्लो उदाहरण हेर्ने हो भने २८ वैशाखका दिन प्रधानमन्त्री बालेन्द्र शाहले राष्ट्रपति रामचन्द्र पौडेलको सम्बोधन सुन्ने र उनलाई धन्यवाद दिने अपेक्षा गरिएको थियो, त्यसो गरिएन । प्रधानमन्त्री बालेन दौरा-सुरुवाल-टोपीमा आउँछन् भनेर सोचिएको थियो, त्यो पनि भएन । उनी राष्ट्रपति पौडेल बोल्दाबोल्दै उठेर हिँडिदिए, ‘सब्भर्टिङ एक्सपेक्टेसन’को चमत्कार देखाएर नयाँ पुस्तालाई आनन्द दिलाए । नीति तथा कार्यक्रममाथि छलफल हुने जो अपेक्षा थियो, त्यो पनि पूरा भएन । सांसदहरु बालेनको पहिरन र व्यवहारमा केन्द्रित भए । उनलाई पाठ सिकाउन थाले । नीति तथा कार्यक्रममाथि बहस गर्नुपर्ने आ-आफ्नो पाठ अलपत्र परेको उनीहरुले ध्यान नै दिएनन् ।

यहींनिर जिज्ञासा उठ्छ, त्यसो भए २८ वैशाखवाला संयुक्त संसद्को बैठकको ‘स्क्रिप्ट’ लेख्ने को त ? किन त्यस प्रकारको कथा र पटकथा लेखियो ? प्रधानमन्त्री बालेन र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले सल्लाह गरेर नै यस प्रकारको ‘स्क्रिप्ट’ तयार पारेका हुन् ? कि, यो सबै गर्ने कुनै अर्को अदृश्य शक्ति छ ? कतै, २०८२ सालको भदौ २४ गते देश दहन गराउने र सेनालाई समेत निरीह उभिन बाध्य पार्ने शक्तिले नै यो स्क्रिप्ट तयार पारेको त होइन ? अनपेक्षित दृश्यहरु चलचित्रमा त मनोरञ्जक लाग्छन् तर वास्तविक जीवनमा मुलुकलाई सकारात्मक योगदान दिने कारक साबित भएमा मात्र यसलाई स्वीकार गर्न सकिन्छ । यसका लागि प्रतीक्षा गर्नुको विकल्प छैन ।

कम्तीमा बालेन सरकारलाई १०० दिन पर्खेर हेर्नै पर्छ । हर्क राईहरु आजै बालेनको राजीनामा नै माग्न थालेका छन्, यो पनि ‘स्क्रिप्ट’ नै हो भने बेग्लै कुरा भयो, अन्यथा मुलुकलाई यति बढी अस्थिर बनाउने सोचलाई कदापि स्वीकार गर्न सकिन्न । राष्ट्रपति पौडेलको सम्बोधन नसुनेको र दौरा-सुरुवाल-टोपी नलगाएकै कारण बालेनको राजीनामा माग्नु कुबुद्धि हो । कसैले बारीबाट एउटा काँक्रो चोर्‍यो भने, उसलाई काँक्रोधनीले एक मुक्कासम्म हान्न सक्छ, टाउकोमा बम पड्काउन सक्तैन । त्यसो गर्नु अनैतिक मात्र होइन, घोर अपराध हुन्छ । हर्क राईबाट त्यस्तै अपराध भएको छ । विनायोजना लहडका भरमा बालेनले संसद् छोडेर हिँडेका भए उनीबाट मुक्कासम्म खाने त्रुटि भने भएकै मान्नुपर्छ ।

राजनीतिक परिवर्तनसँगै जनतामा नयाँ आशा जन्मिनु स्वाभाविक हो । जब आन्दोलनको ऊर्जा, चुनावी जनमत र परिवर्तनको आकांक्षाबाट कुनै नेतृत्व सत्तामा पुग्छ, उसप्रति अपेक्षा पनि परम्परागत सरकारप्रति भन्दा फरक हुन्छ । अहिले प्रधानमन्त्री बालेन्द्र शाहप्रति बनेको सार्वजनिक छवि पनि यस्तै अपेक्षाको उपज हो- परम्पराभन्दा फरक, निर्णयमा साहसी र परिणाममुखी नेतृत्व । तर, सरकारको पहिलो नीति तथा कार्यक्रमले त्यो अपेक्षालाई कति सम्बोधन गर्‍यो भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । संसद्को संयुक्त बैठकमा राष्ट्रपतिबाट नीति तथा कार्यक्रम प्रस्तुत भइरहँदा प्रधानमन्त्रीको अनुपस्थिति केवल प्रोटोकलको विषय मात्र होइन, राजनीतिक सन्देशको विषय पनि हो । संसदीय व्यवस्थामा यस्ता प्रतीकात्मक व्यवहारले नेतृत्वको प्राथमिकता, संवैधानिक संस्थाप्रतिको दृष्टिकोण र राजनीतिक संस्कृतिबारे धेरै कुरा संकेत गर्छ ।

त्यसभन्दा ठूलो विषय भनेको सरकारको आत्मा भन्नु नै नीति तथा कार्यक्रम हो । आन्दोलनको ऊर्जा बोकेर आएको सरकारले सार्वजनिक गरेको दस्तावेजमा परिवर्तनको स्पष्ट रोडम्याप, संस्थागत सुधारको साहसिक खाका र जनअपेक्षालाई सम्बोधन गर्ने ठोस प्रतिबद्धता खोजिनु अस्वाभाविक होइन । तर, प्रस्तुत दस्तावेजमा भाषिक परिमार्जन र शैलीगत नवीनता देखिए पनि सारभूतरूपमा पुरानै शासन शैलीको निरन्तरता बढी देखिन्छ ।

नीति तथा कार्यक्रमले राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र रूपान्तरणकारी सुधारको अवसरको कुरा गरेको छ । तर, यस्ता शब्दहरूले मात्र परिवर्तन सुनिश्चित हुँदैन, त्यसलाई विश्वसनीय बनाउने आधार व्यवहार, प्राथमिकता र कार्यान्वयन क्षमताले तय गर्छ । त्यसैले जनताले सरकारको वास्तविक चरित्र नीति दस्तावेजका सुन्दर वाक्यबाट होइन, ती वाक्यलाई जीवन दिने राजनीतिक इच्छाशक्तिबाट मूल्यांकन गर्छन् ।

विशेष गरी अभिव्यक्ति स्वतन्त्रता, सञ्चार क्षेत्रको सुधार, प्रशासनिक पुनर्संरचना र आर्थिक पुनर्जागरणजस्ता विषयमा अपेक्षाअनुसारको स्पष्टता नदेखिनु आलोचनाको विषय हो । आन्दोलन किन भयो, जनमत किन बदलियो र नागरिकले किन वैकल्पिक नेतृत्व खोजे ? यी मूल प्रश्नहरूको उत्तर नीति तथा कार्यक्रमभित्र पर्याप्तरूपमा देखिएन ।

त्यसो त अहिले पनि अपेक्षा समाप्त भएको छैन । नीति तथा कार्यक्रम केवल शुरुवात हो, वास्तविक परीक्षा बजेटको घोषणा, त्यसको कार्यान्वयन र राजनीतिक व्यवहारमा हुनेछ । तर यतिचाहिँ स्पष्ट छ, जनताले केवल नयाँ अनुहार होइन, नयाँ शासन-शैली खोजेका हुन् । यदि त्यो अनुभूति शासनमा अनुवाद हुन सकेन भने इतिहास फेरि दोहोरिन सक्छ र परिवर्तनको नाममा आएको नेतृत्व पनि पुरानै संरचनाको अर्को संस्करणमा सीमित हुन सक्छ ।

यद्यपि नीति तथा कार्यक्रममा राम्रा पक्षहरु हुँदै नभएको भने होइन । सरकारले आर्थिक विकास, पूर्वाधार प्रवर्द्धन, सुशासन, सामाजिक न्यायलाई नीति तथा कार्यक्रममा प्राथमिकतामा राखेको देखिन्छ । यस्तै, रास्वपाले गत निर्वाचनमा सार्वजनिक गरेको बाचापत्रमा समावेश गरिएका विषयवस्तुलाई समेत यसमा समावेश गरिएको छ ।

सरकारले भौतिक पूर्वाधारको विकास, सूचना प्रविधिको प्रयोग एवं वित्तीय तथा प्रशासनिक मोडल कार्यक्रममा समावेश गरेको छ । वैकल्पिक विकास वित्त, डायस्पोरा पुँजी र निजी लगानी परिचालन गरी पूर्वाधार वित्त पोषणको नयाँ मोडल लागू गर्ने जनाइएको छ । यस्तै, रूपान्तरणकारी आयोजनालाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समय सीमासहित अघि बढाउने, आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता, डिजिटल ट्र्याकिङ, जग्गा प्राप्ति र वनसम्बन्धी अवरोध समाधान गर्दै आयोजना सम्पन्न नभएसम्म प्रमुख जनशक्तिको जिम्मेवारी हेरफेर नगर्ने नीति लिइएको छ ।

सरकारले व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्म ३० दिनभित्र सम्पन्न गर्ने ‘लगानी एक्सप्रेस नीति’ लागू गर्ने, तोकेभन्दा बढी लगानी गर्ने लगानीकर्तालाई ‘नेपाली लगानी भिसा’ उपलब्ध गराउने नयाँ कार्यक्रम अगाडि सारेको छ । ‘स्टार्ट अप नेपाल पोर्टल’मार्फत लगानी गर्नेलाई एकैदिन कम्पनी दर्ता, कर छुट, बीउ पुँजीलगायत सेवा प्रदान गर्ने, ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक एवं उद्यमशील पेसाका रूपमा स्थापित गर्न बहुपक्षीय लगानी प्रवर्द्धन गर्ने भनिएको छ ।

वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गर्ने, लगानीअगाडि नै बालीको न्यूनमतम समर्थन मूल्य तोक्ने, सीधै किसानको बैंक खातामा रकम जम्मा हुने व्यवस्थाका अलावा खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई सक्षम बनाउने सरकारको कार्यक्रम छ ।

‘भिजिट नेपाल २०८५’ को पूर्वतयारीका लागि पर्यटक आगमनप्रति पर्यटक खर्च वृद्धि र बसाइ अवधि बढाउने गरी अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने, देवभूमि नेपाल राष्ट्रिय अभियान सञ्चालन गर्ने, नेपाल होमस्टेको ब्रान्डिङ गर्ने, नेपालमा बसेर विदेशी रोजगार दाताका लागि काम गर्न सकिने ‘रिमोट वर्क’ नीतिको कानुनी व्यवस्था गरिने भनिएको छ । वैदेशिक रोजगारीबाट फर्केका युवाको सीपलाई डिजिटल सीप पासपोर्ट अभिलेखीकरण गरी अन्तर्राष्ट्रिय व्यावसायिक प्रमाणीकरण उपलब्ध गराइने घोषणा गरिएको छ ।

लगानी एक्सप्रेस, आगामी साउनदेखि शून्य दिन खरिद नीति लागू गर्ने, एआईको अधिकतम प्रयोग गर्ने, ‘ब्रान्ड नेपाल’ अभियान, ‘सेन्ट्रल रेस्पोन्स युनिट’, ज्ञान बैंक स्थापना, एकल सेवा केन्द्र सबै कार्यालयमा स्थापना गर्ने, राष्ट्रिय सतर्कता केन्द्रलाई भ्रष्टाचार निवारण एकाइका रूपमा पुन:संरचना गर्ने, विश्वसनीय थिंक ट्याङ्क तथा राष्ट्रिय नीति शोधशालाको रूपमा विकास गर्नेलगायत महत्वपूर्ण कार्यक्रम समावेश गरिएका छन् ।

तर, नीति तथा कार्यक्रमले रास्वपा सरकारले घोषणा गरेका सबै कार्य समेटेको देखिन्न । हुन सक्छ, नीति तथा कार्यक्रमको यही कमजोरीबाट आम टिप्पणीकारको ध्यान हटाउन प्रधानमन्त्री बालेनले बीचमै सभा छोडेर ‘स्टन्टबाजी’ गरेका हुन् । सबै टिप्पणीकार बालेनको पहिरन र व्यवहारप्रति केन्द्रित भएका कारण नीति तथा कार्यक्रम नै ओझेलमा परेको छ । ‘सब्भर्टिङ एक्सपेक्टेसन’को अभ्यास सफल भयो । शायद, बालेन र रवि यही चाहन्थे ।

*(साभार: न्यूज अफ नेपाल)*

# शिवमको प्रदुषण नियन्त्रणका लागि छलफल

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/हेटौंडा उपमहानगरपालिका-१७, स्थित हटियामा रहेको शिवम शिमेन्ट उद्योगबाट निस्कने प्रदुष्ण नियन्त्रणका लागि छलफल भन्दा पनि समस्या समाधानका लागि गर्न सकिने उपायबारे बुझ्न आवश्यक रहेको स्थानीयले बताएका छन् ।

आइतबार सेवा, सहयोग र आवाजमा हामी संस्थाले शिवम सिमेन्ट उद्योगबाट उत्पन्न धुलो प्रदूषण, वातावरणीय असर, स्थानीय बासीको स्वास्थ्य, कृषि तथा जनजीवनमा परेको प्रभावका सम्बन्धमा जनताको प्रश्न, सम्बन्धित निकायको उत्तर शीर्षकमा आयोजना गरेका सार्वजनिक सुनुवाइ कार्यक्रम गुनासो राख्दै हेटौंडा-१६ र १७ का स्थानीयले उद्योगबाट स्थानीयलाई परेको समस्या समाधानका लागि के गर्न सकिन्छ ? भन्ने कुराको निष्कर्ष निकाल्न आवश्यक रहेको बताएका छन् ।

शिवम सिमेन्ट उद्योगबाट निस्किएको धुँलो तथा अनावश्यक बिग्रिएको सामग्रीलाई कस्तो ठाउँमा र कसरी व्यवस्थापन गरिएको छ भन्ने कुराको उनीहरुले प्रश्न गरेका हुन् । सार्वजनिक सुनुवाईमा सिमेन्ट उद्योगका कुनै प्रतिनिधिको उपस्थिति थिएन । वडाका स्थानीयवासीमाथि हावा, हुरी, वर्षाको समस्या बढी असर पर्ने गरेको उनीहरुले गुनासो गरेका थिए । अहिले विज्ञान र प्रविधिको युगको समयमा शिवम् सिमेन्ट उद्योगबाट निस्कने धुलो र धुँवाका न्यूनीकरणका लागि प्रविधिको प्रयोगमार्फत् व्यवस्थापन गर्न सकिने सुझाव दिइएको छ ।

वडावासी तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का च्याट विभाग प्रमुख महेन्द्र श्रेष्ठले शिवमको ट्रकले बढी ओभर लोडेड सामग्रीको ढुवानी गरेको कारणले दुर्घटना हुने गरेको गुनासो गरेका छन् । श्रेष्ठले उद्योगको कर्मचारीले ओभर लोड गरेको अवस्थामा चालक, सहचालकलाई जरिवान गराएर मात्र छोड्नु भन्दा पनि उनीहरुका लागि एउटा सचेतना मूलक कार्यक्रम गरेर चेतवानी दिन आवश्यक रहेको बताए । वडामा रहेको विद्यालयमा त्यसको प्रदुष्णको प्रत्यक्ष असर परेको उनले बताए । नितान्त जनताको आवाजको विषयमा बोल्न जरुरी रहेको उनले बताए । शिवम् सिमेन्ट उद्योगले सामाजिक उत्तरदायित्व पालना गर्दै समस्या समाधान गर्ने भनेर धेरै पहिले प्रतिवद्दता व्यक्त गरेपनि कार्यन्यन भने नगरेको उनले बताए ।

स्थानीय चर्तुभूज उपाध्यायले शिवम सिमेन्ट उद्योगको ३० मिटरको वरपर आफ्नो घर भएको कारणले धेरै समस्याबाट गुज्रिनु परेको गुनासो गरेका छन् । उनले शिवमको अत्याचारको कारणले धुँलो र धुँवामा रुमल्लिएर बाँच्नुपरिरेको गुनासो गरे । उनले सार्वजानिक सुनुवाईमा सिमेन्ट उद्योगको कुनै कर्मचारी तथा प्रतिनिधिको उपस्थिति नभएकोमा आपत्ती जनाउँदै यसको समस्या समाधान गर्नका लागि पहल गर्ने कि नगर्ने भन्ने विषयमा प्रश्न गरेका छन् । उनले भने-हामी जस्ता मानिसको पीडा कसले बुझ्ने ?, कसले सुन्ने ?, सिमेन्ट उद्योग सञ्चालन र बन्दको हामीलाई मतलब भएन तर, धुँलो धुँवा हाम्रो घरआगनसम्म आउनु भएन ।

स्थानीयको समस्यालाई वेवास्ता गरेको गुनासो गर्दै उनले धुँलो र धुँवाको प्रदुषण नियन्त्रण हुनुपर्ने माग राखेका छन् । शिवम् सिमेन्ट उद्योगको प्रदुष्ण नियन्त्रण गर्ने निकाय कुन हो ? प्रत्यक्ष मारमा हामी परेका छौं । भाषण भन्दा पनि काम गरेर जनतालाई विश्वास दिलाउनेतर्फ लाग्नुपर्ने उनको सुझाव थियो । स्थानीयले उद्योगमा कतिको अनुगमन भएको छ भन्ने कुराको प्रश्न गर्दै वडावासीको पीडालाई कसैले मध्यनजर नगरेको बताए ।

कार्यक्रममा सहभागी नेपाली काँग्रेस हेटौंडा उपमहानगर कमिटी अध्यक्ष उत्सव इटेनीले सबैले व्यवसाय गर्दैगर्दा अरुलाई हानी नोक्सानी पुऱ्याउने काम गर्न नहुने धारणा राखेका छन् । वडावासीलाई परेको समस्याको मर्मलाई आफूले बुझेको र यसको समाधान गर्नका लागि आफूले कदम चाल्ने विश्वास दिलाए । यस विषयमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले चासो देखाएर वडाअध्यक्ष र संस्थाका अध्यक्षलाई सम्पर्क गर्न खोज्दा कोही सम्पर्कमा नआएको उनले बताए ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का जिल्ला संयोजक भीम पाख्रिनले हिजोको समयमा पनि जनताको मुद्दालाई उठाएर काम गरि रहेको दावी गरेका छन् । संयोजक पाख्रिनले पार्टीले उद्योगसँग मिलेर जनताको स्वास्थ्यमाथि कुनै प्रकारको खेलवाड गर्ने काम नगरेको दावी गरे । स्थानीयको समस्यालाई समाधान गर्नुपर्छ भन्ने विषयमा पार्टीले छलफल गर्दै आएको उनको भनाई छ । राष्ट्रिय मानव अधिकार मञ्चका अध्यक्ष एवम् अधिवक्ता केशवप्रसाद गौतमले कतिपय अवस्थामा कानून निर्माण भएपछि कार्यन्वयनको समस्या हुने गरेको स्वीकार गरेका छन् ।

जनताको समस्याको अवस्था कतिपय ठाउँमा सेटिङमा पैसाखाने गरेकोले समस्याको समाधान नहुने गरेको उनले बताए । स्थानीयलाई समस्यामा पारेर उद्योग सञ्चालन गर्न नपाउने कानूनमै उल्लेख गरिएको उनले बताए । यसका समाधानका लागि समितिको निर्माण गर्न आवश्यक रहेको बताउँदै उद्योग व्यवस्थापनसँगको समन्वयमा एक प्रकारको सार्वजानिक सुनुवाई गर्न जरुरी रहेको बताए । कार्यक्रममा हेटौंडा-१६ का वडाध्यक्ष रामकृष्ण कोइराला, जिसस प्रमुख ललित बहादुर घलान, नेपाल प्रहरी, ट्राफिक प्रहरी, संस्थाका अध्यक्ष विशालराज महतलगायतको उपस्थिति थियो ।

# थाहामा आलु प्रतिकेजी १० रुपैयाँ



साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/बेमौसमी तरकारीको राजधानीको रुपमा परिचित दामनपालुङ उपत्यकामा किसानले आलुखेतीमा नराम्रोसँग नोक्सानी ब्यहोर्नुपर्ने अवस्था आएको छ । सस्तोमै आलु बेच्नु परेपछि मकवानपुरको थाहा नगरका कृषक लगानी नै नउठ्ने चिन्तामा छन् ।

थाहा नगरपालिकाको दामन, पालुङ, बज्रवराही, चित्लाङका कृषक यतिबेला धमाधम आलु खन्न व्यस्त छन् । उत्पादित आलुको मूल्य अत्यन्त न्यून भएको उनीहरुको गुनासो छ । व्यापारीले खेतमै गएर कृषकबाट अहिले सेतो आलु प्रतिकेजी १० र रातो प्रतिकेजी १२ रुपैयाँमा खरिद गरिरहेका छन् । गतवर्ष खेतबाटै सेतो प्रतिकेजी २० र रातो २५ रुपैयाँ बिक्री गरेका थिए । 'गतवर्षको आलुको उत्पादन पनि राम्रो थियो, भाउ पनि सुहाउँदो थियो, अहिले उत्पादन पनि घटेको छ, भाउ पनि छैन,' थाहा-३ का कृषक मुरारी खत्रीले भने, 'बोट मरिसक्यो आलु खन्न परिहाल्यो, सुरक्षित भण्डारण गर्ने ठाँउ छैन, सस्तो भएपनि बिक्री गर्न परिगो ।'

वैशाखमा नियमितजसो पानीपर्दा डढुवा रोगले छिट्टै बोट मरेकाले आलुका दाना बढ्न नपाएको थाहा नगरपालिका कृषि शाखाप्रमुख बालकुमारी भट्टराईले बताइन् । यसपाली दाना सानो आकारका फलेको उनले बताइन् । आलु खरिद गर्न व्यापारीहरु तराजु लिएर खेतमै पुगेका छन् । आलु भण्डारण गर्ने व्यवस्था नहुँदा खेतबाटै सस्तो मूल्यमै बिक्री गर्न बाध्य रहेको नेपाल तरकारी व्यवसायी संघ उत्तरीक्षेत्र मकवानपुरका अध्यक्ष राजेन्द्र विडारी बताउँछन् । '१० रुपैयाँ किलोमा बेच्दा त लागत मूल्य पनि पाउन सकेका छैनन्,' उनले भने, 'यो वर्ष फलेको पनि कम छ । त्यसमै भाउ पोहोर भन्दा आधा कम भयो ।'

बजारमा भारतीय आलु पनि सस्तो भएर आएकाले यहाँको उत्पादनले भाउ नपाएको अध्यक्ष विडारीले बताए । बेमौसमी तरकारीखेतीको पकेटक्षेत्रका रुपमा चिनिएको थाहामा आलु बढ्ने बेलामा बोटमै रोग लागेकाले उत्पादनसँगै दानाको आकार पनि घटेको थाहा-३ का कृषक सुदर्शन विष्टले बताए । १२ वडामा विभाजित थाहा नगरका बासिन्दाको मुख्य आम्दानीको स्रोत तरकारी खेती हो । सबैभन्दा बढी आम्दानीको हिस्सा ओगट्ने आलुको उत्पादन र मूल्यमा गिरावट आउँदा स्थानीयको आम्दानी नै प्रभावित हुनेगर्छ ।

थाहाको ६ हजार ३ सय रोपनी जग्गामा आलुखेती गरिन्छ । गतवर्ष झण्डै ७ हजार मेट्रिकटन आलु उत्पादन भएको थियो । वैशाखमा दैनिकजसो वर्षा भएकाले आलुबाहेक अन्य तरकारी उत्पादन र बिक्रीमा पनि समस्या भएको कृषि विकास शाखाप्रमुख भट्टराईले बताइन् । यहाँ उत्पादन हुने आलु काठमाडौं, पोखरा, हेटौंडा, बुटवल, भरतपुर लगायत विभिन्न सहरमा बिक्री हुनेगर्छ । थाहा नगरले आलुबाटमात्र करिब ६० लाख रुपैयाँ राजस्व संकलन गर्दै आएको छ । यहाँबाट निर्यात हुने आलुलगायत अन्य तरकारीमा ५२ वर्षदेखि स्थानीय कर लगाइदै आएको छ ।

'थाहा' आन्दोलनका प्रणेता रुपचन्द्र विष्टले २०३१ सालदेखि दामन र पालुङमा आलुमा कर लगाउन सुरु गरेका थिए । यो करबाट संकलन भएको रकम यसक्षेत्रको शैक्षिक विकास एवं भौतिक पूर्वाधारका लागि खर्च गरिँदै आएको थियो । यो कर अहिले नगरपालिकाले तोक्ने गरेको छ । यसक्षेत्रमा विसं २०१८ सालदेखि व्यावसायिकरुपमै आलुखेती सुरु गरिएको स्थानीयको भनाई छ । स्थानीयले अहिले कार्डिनल, डेजुरे, खुमलरातो, जनकदेव, कुखेज्योति र साजिटा जातका आलुको बीउ लगाउने गरेका छन् । माघ पहिलो सातादेखि रोप्न सुरु गरेको आलु जेठमा खनिन्छ । तर, यसपाली वर्षाले डढुवा फैलिँदा चाँडै बिक्री गरेका हुन् ।

## विषादिरहित तरकारी उत्पादनबारे सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/नेपाल अर्बुद रोग निवारण संस्था मकवानपुर शाखाको आयोजनामा हेटौंडामा विषादिरहित तरकारी उत्पादन तथा क्यान्सर रोग न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रम हेटौंडा उपमहा नगरको सहकार्य र शुभकामना महिला बचत तथा ऋण सहकारी संस्थाको समन्वयमा आयोजना गरिएको हो । संस्थाका सभापति माधव अधिकारीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा-१७ का वडा अध्यक्ष उद्धव सत्याल प्रमुखअतिथि रहेका थिए । संस्थाका केन्द्रीय उपमहासचिव प्रकाश खतिवडा र बागमती प्रदेश संयोजक गणेश कोइरालाको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा वक्ताले असुरक्षितरुपमा प्रयोग हुने रासायनिक विषादिका कारण ग्याष्ट्रिक तथा क्यान्सरजस्ता रोग बढ्दै गएको उल्लेख गर्दै जैविकविषादि प्रयोगमा जोड दिएका थिए ।

वडाअध्यक्ष सत्यालले स्थानीय तहमा सुरक्षित कृषि अभ्यास आवश्यक रहेको बताउँदै जनचेतना मूलक कार्यक्रमलाई प्रभावकारी कदमको रुपमा व्याख्या गरे । उपमहासचिव खतिवडाले क्यान्सरको जोखिम, लक्षण र बच्ने उपायबारे जानकारी दिँदै सुर्तिजन्यपदार्थका कारण राज्यले स्वास्थ्यक्षेत्रमा ठूलो आर्थिक भार व्यहोर्नुपरेको तथ्य प्रस्तुत गरे । उनले सुर्तिजन्यपदार्थमा करको दायरा बढाउन सरकारसँग आग्रह गरे । कृषि प्राविधिक गणेश खड्काले विषादिका प्रकार, सुरक्षित प्रयोगविधि र जैविक विकल्पबारे सहजीकरण गरेका थिए । सहभागीले अबदेखि जैविकविषादि प्रयोगलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# मकवानपुरका आचार्य मोवाइल व्यवसायी महासंघको महासचिव निर्वाचित




साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/ मकवानपुरका छतेन्द्र आचार्य नेपाल मोवाइल व्यवसायी महासंघको महासचिवमा निर्वाचित भएका छन् ।

महासंघको काठमाडौंमा सम्पन्न तेस्रो महाधिवेशनबाट आचार्य महासचिवमा निर्वाचित भएको हुन् । महाधिवेशनबाट आगामी दुईवर्षे कार्यकालका लागि अध्यक्षमा रमेश घिमिरे निर्वाचित भएका छन् । निर्वाचन समितिका प्रमुख सन्तोष भण्डारीका अनुसार अन्य पदाधिकारीतर्फ वरिष्ठउपाध्यक्षमा डिल्लीबहादुर तामाङ, ७ उपाध्यक्षतर्फ उदयबहादुर केसी, दिलबहादुर लामा, सुवास बम, दीपक पाण्डे, दीपकबाबु बोगटी, बद्री कुँवर, सुरेश बानियाँ निर्वाचित भएका छन् । यसैगरी कोषाध्यक्षमा लवकृष्ण श्रेष्ठ, ४ सचिवमा डेमा लामा, नारायण सुवेदी, विष्णु ज्ञवाली र सपना नहर्की छन् । सहकोषाध्यक्षमा रुद्रमणि धिताल चुनिएका छन् ।

केन्द्रीय सदस्यतर्फ नवराज चौलागाईं, शेषनारायण शर्मा, हिमाल लम्साल, मुकुन्द सत्याल, लोकेन्द्र बुढाथोकी, विवेक बाध्यकार, सीताराम तिमल्सिना, दिलबहादुर तामाङ, भगतबहादुर रावल, यादव सुवेदी, दीपेन्द्रप्रसाद अवस्थी, शिवप्रसाद खतिवडा, रुजन श्रेष्ठ, दीपककुमार ओझा, कविन्द्र अधिकारी, मिलन स्याङ्तान, सन्तोष थापा, हरि प्रसाद पौडेल, चिन्तामणि खरेल, केशव खनाल, चन्द्रप्रसाद न्यौपाने, टेकबहादुर थापा, गणेशबहादुर बोगटी, राजु सिंह टुकरीया निर्वाचित भएका छन् । नवनिर्वाचित कार्यसमितिले आइतबार नै पदभार ग्रहण गरेको महासचिव आचार्यले जानकारी दिए । महाधिवेशनमा सहभागी हुन देशभरिबाट १५ सय प्रतिनिधि काठमाडौं गएका थिए ।

## पत्रकार महासंघ मकवानपुरको साधारणसभा स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/यही जेठ ९ गते हुने भनिएको नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको १९ औं साधारणसभा स्थगित भएको छ ।

आइतबार बसेको कार्यसमिति बैठकले साधारणसभा स्थगित गर्ने निर्णय गरेको हो । सदस्यता नवीकरण गर्न बाँकी रहेको जनाउँदै साधारणसभा स्थगित गरिएको महासंघका सचिव केशव समर्पण सुवेदीले जानकारी दिए । सदस्यता नवीकरण गर्न बाँकी रहेका सदस्यलाई साधारणसभामा सहभागी हुन तथा सदस्यता कायम राख्न २०८३ जेठ १८ गतेसम्म अनिवार्यरुपमा नवीकरण गरिसक्न पनि महासंघले अनुरोध गरेको छ ।

१२ औं अधिवेशन अघि भएको सदस्यता शुद्धिकरण अभियानको क्रममा आन्तरिक छलफलको कारण करिब १ वर्ष अलमल भएको र २०८१ सालको नवीकरण छुट भएका कारण यसअघिको २०८१ मंसिर २८ गतेको निर्वाचनमा भाग लिएका पुराना सदस्यको २०८१ सालको समेत सदस्यता शुल्क संकलन गर्ने निर्णय भएको सचिव सुवेदीले बताए ।

# मनहरीको कामकाज साउनदेखि आफ्नै भवनबाट

साझाकुरा संवाददाता


हेटौंडा, ३ जेठ/मनहरी गाउँपालिकाको प्रशासनिक कामकाज आगामी आर्थिक वर्षदेखि आफ्नै भवनबाट सञ्चालन हुने भएको छ ।

वडा नं. ९ रजैयास्थित वनक्षेत्रमा निर्माणाधीन भवन अन्तिमचरणमा पुगेपछि पालिकाले नयाँ भवनमा सर्ने तयारी थालेको हो । प्रमुख प्रशासकीयअधिकृत रमेश सुवेदीकाअनुसार कुनै अवरोध नआए आगामी आर्थिक वर्ष २०८३/८४ देखि गाउँपालिकाको सम्पूर्ण सेवा नयाँ भवनबाट प्रवाह गरिनेछ । गाउँपालिकाले मन्त्रिपरिषद्बाट स्वीकृति पाएपछि हरियाली सामुदायिक वनक्षेत्रको जग्गा उपयोग गरेर भवन निर्माण अघि बढाएको हो । भवन निर्माणका लागि आवश्यक डिपिआर र जग्गा प्राप्तिको प्रक्रिया अघिल्लो स्थानीय तहकै कार्यकालमा सुरु भएपनि २०७९ पछि नयाँ नेतृत्व आएसँगै प्रक्रिया तीव्र बनाइएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बताए ।

उनकाअनुसार जग्गा प्राप्तिका लागि लामो प्रयासपछि निर्माणकार्यले गति लिएको हो । हाल तामाकोशी ढाँचा जेभीले तीनतले भवन निर्माण गरिरहेको छ । भवनमा सभाहलसहित विभिन्न साना हलसमेत रहेका छन् । पूर्वपश्चिम राजमार्गसँगै जोडिएको क्षेत्रमा निर्माण भइरहेको भवनका लागि ८ करोड २८ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो । निर्माण कम्पनीले थपिएको समयसीमा अनुसार आगामी असार तेस्रो सातासम्म भवन हस्तान्तरण गर्ने लक्ष्य राखिएको प्राविधिक प्रमुख टुकराज चौधरीले जानकारी दिएका छन् ।

हाल गाउँपालिकाले वडा नं. ९ मा भाडाको घरबाट कार्यालय सञ्चालन गर्दै आएको छ भने वडा नं. ३ मा रहेका सभाहल, समावेशी भवन र सेफ हाउससमेत प्रशासनिक प्रयोजनमा प्रयोग भइरहेका छन् । नयाँ भवन सञ्चालनमा आएपछि सबै सेवा एउटै स्थानबाट उपलब्ध हुने भएकाले सेवाग्राहीले विभिन्न कार्यालय धाउनुपर्ने बाध्यता अन्त्य हुने प्रशासन शाखाप्रमुख अन्जना सुवेदीले बताइन् ।

आकर्षक घडेरी बिक्रीमा




हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि

सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९७६७७६४४४७
उषा अधिकारी ९८४५१२५५९०८

स्वर्गद्वारी महिला पञ्चेबाजा समूह
हेटौंडा-१, मकवानपुर



हाम्रो सेवाः विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।

# हिमालयन पर्यटन प्रवर्द्धन राईड सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/ हिमालयन राईडर्स सोसाइटीको आयोजना तथा मकवानपुरगढी गाउँपालिका-७ को समन्वयमा 'हिमालयन पर्यटन प्रवर्द्धन राईड-२०८३' सम्पन्न भएको छ ।

हिमालयन राईडर्स सोसाइटीका अध्यक्ष राजु थापा मगरको सभाध्यक्षता तथा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामाको प्रमुख आतिथ्यमा कार्यक्रममा समापन गरिएको हो । समापन कार्यक्रममा प्रमुखअतिथि लामाले मकवानपुरगढी ऐतिहासिक क्षेत्र भएकोले पर्यटन प्रवर्द्धन गर्न गाउँपालिकाले बिभिन्न खालका अभियानहरु संचालन गरि रहेको बताए । हेटौंडामा चर्को गर्मी भएको अवस्थामा ३० किलोमिटरको दूरिमा रहेको बुढीचौर पुग्दा ज्याकेट लगाउनु पर्ने चिसो हुने हावापानी रहेको बताउँदै अध्यक्ष लामाले साइकल चलाउनेको स्वास्थ्य तन्दुरुस्त रहने बताए ।



हेटौंडाको हुप्राचौरबाट सुरु भएको राईड निर्धारित मार्ग हुँदै सुकौरा पुगेर सफलतापूर्वक टुंगिएको हो । सम्पूर्ण तयारी पूर्ववत्रुपमा सम्पन्न भएकाले कार्यक्रम व्यवस्थित र उत्साहजनकरुपमा सम्पन्न भएको कार्यक्रम संयोजक बुद्धराम श्रेष्ठले बताए । राईड हुप्राचौरबाट सुरुभई सीतलमहलचोक, कपुर कम्प्लेक्स, बुद्धचोक, चौकीटोल, सामरीपुल, आमभञ्ज्याङ, बाँसपानी हुँदै सुकौरा पुगेको हो । करिब ५० किलोमिटर लामो यस यात्रामा सहभागीले मकवानपुरको प्राकृतिक सौन्दर्य, ऐतिहासिकस्थल तथा स्थानीय संस्कृतिसँग नजिकबाट परिचित हुने अवसर पाएका थिए ।

कार्यक्रममा ११० भन्दा बढी साइकल राईडरको सहभागिता रहेको थियो । निजगढबाट राइडर्स क्लव, सिमरा राइडर्स क्लव, डुमरखाना राइडर्स क्लवबाट ३० जनाभन्दा बढी साइकलयात्रीको सहभागिता रहेको थियो । हेटौंडाका साईकलप्रेमीको उल्लेखनीय उपस्थिति थियो । राईडलाई सुरक्षित बनाउन नेको इन्स्योरेन्स हेटौंडा शाखाले सबै सहभागीलाई बीमा सुविधा उपलब्ध गराएको आयोजकले जनाएको छ । कार्यक्रममार्फत साईकललाई स्वस्थ जीवनशैली र पर्यावरणमैत्री यातायातको रुपमा प्रवर्द्धन गर्नुका साथै आन्तरिक पर्यटनको विकासमा टेवा पुऱ्याउने उद्देश्य रहेको आयोजकको भनाइ छ ।

मा भएको समापन कार्यक्रममा सोसाइटीका आजीवन सदस्य तथा राइडमा सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको थियो । साइकलमार्फत् समाजमा सकारात्मक सन्देश प्रवाह गर्दै पर्यटन प्रवर्द्धन र स्वस्थ जीवनशैलीको अभियानलाई निरन्तरता दिने सोसाइटीले प्रतिबद्धता व्यक्त गरेको छ ।

# बसपार्क क्षेत्रमा हाइमास्ट लाइटको उद्‌घाटन

साझाकुरा संवाददाता



हेटौंडा, ३ जेठ/हेटौंडा उपमहानगरपालिका-१० स्थित बसपार्क क्षेत्रमा जडान गरिएको हाइमास्ट लाइटको शनिबार उद्‌घाटन गरिएको छ ।

वडाअध्यक्ष फुर्वादोर्जे लामाले बत्ती बालेर हाइमास्ट लाइटको औपचारिक उद्‌घाटन गरेका हुन् । हेटौंडा उपमहानगरको ३० प्रतिशत तथा नेपाल विद्युत प्राधिकरणको ७० प्रतिशत सहयोगमा हाइमास्ट लाइट जडान गरिएको हो । वडाअध्यक्ष लामाकाअनुसार हेटौंडा उपमहानगरभित्र हाल २९ वटा हाइमास्ट लाइट रहेका छन्, जसमध्ये वडा नम्बर-१० को बसपार्क क्षेत्रमा मात्रै ४ वटा लाइट जडान गरिएको छ । उनकाअनुसार करिब एकवर्षको निरन्तर प्रयासपछि बसपार्क क्षेत्रमा हाइमास्ट लाइट जडान गर्न सफल भएको हो ।

बसपार्क क्षेत्रमा हुने चोरी, डकैती तथा विभिन्न आपराधिक गतिविधि न्यूनीकरण गर्न हाइमास्ट लाइट आवश्यक रहेको वडाअध्यक्ष लामाले बताए । विशेषगरी रातिको समयमा बसपार्क क्षेत्रमा महिलासहित सर्वसाधारणले असुरक्षित महसुस गर्ने अवस्थालाई मध्यनजर गर्दै उज्यालो व्यवस्थापन गरिएको उनले बताए । 'अन्य जिल्लाबाट रातिको समयमा बसपार्कमा झर्ने यात्रु, विशेषगरी महिलाले सुरक्षित महसुस गर्न सकून् भन्ने उद्देश्यले बत्ती जडान गरिएको हो,' लामाले भने, 'स्थानीयलाई अभिभावकको अनुभूति दिलाउँदै सुरक्षित वातावरण प्रदान गर्नु मेरो कर्तव्य हो ।'

बसपार्क क्षेत्रमा रातिको समयमा हुने विभिन्न आपराधिक तथा अवाञ्छित गतिविधि नियन्त्रणका लागि वडा कार्यालयले सुरक्षा व्यवस्थालाई प्राथमिकतामा राखेको जनाएको छ । वडाअध्यक्ष लामाकाअनुसार वडा नम्बर-१० भरि हालसम्म १८ वटा सिसिटिभी क्यामेरा जडान गरिएको छ भने बसपार्क क्षेत्रमा मात्रै ५ वटा सिसिटिभी राखिएका छन् । उद्‌घाटन कार्यक्रममा वडा जनप्रतिनिधि, स्थानीयवासीको उपस्थिति थियो ।

# श्री भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समिति

## हेटौंडा-१०, मकवानपुर

## मिति २०८२ चैत्र २१ गते सम्पन्न बिशाषय पूजामा सहयोग गर्ने दाताहरुको नामावली:

| सि.नं. | नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | श्री मिलन श्रेष्ठ/लता श्रेष्ठ | हेटौंडा-०४ | २०८,०००/- |
| २ | हेटौंडा उपमहानगर पालिका कार्यालय | हेटौंडा | ४९,१६०/- |
| ३ | श्री बिरभद्र महाकाली माता परिवार | हेटौंडा-०४ | ३६,८३०/- |
| ४ | श्री बुद्धिमान राई (पूजारी परिवार) | हेटौंडा-०५ | ३०,०५५/- |
| ५ | श्री एलाईट पावर ईन्जिनियरिङ्ग | हेटौंडा-८ | १५,००५/- |
| ६ | श्री नारायणी यातायात व्यबसायी संघ | हेटौंडा | १३,३१०/- |
| ७ | श्री गोदावरी सिनोरिया | हेटौंडा-०२ | ११,१११/- |
| ८ | श्री ओम प्रकाश गुप्ता (प्रकाश होटल) | हेटौंडा-१० | १०,५५१/- |
| ९ | श्री बलरामदाश एण्ड सन्स | हेटौंडा-१० | १०,००५/- |
| १० | श्री नारायणी यातायात व्यवसायी कं.प्रा.लि. | हेटौंडा-११ | १०,०००/- |
| ११ | श्री पुरुषोत्तम धिताल | हेटौंडा-०९ | ७,०००/- |
| १२ | श्री एरिष्ट श्रेष्ठ | दुवई | ५,५६०/- |
| १३ | श्री प्रदिप कार्की + उज्जला दाहाल परिवार | भक्तपुर, बालकोट | ५,५५५/- |
| १४ | श्री शोभान तामाङ | अष्ट्रेलिया | ५,५५५/- |
| १५ | श्री सचेत नागरिक युवा समूह मकवानपुर | हेटौंडा | ५,५०५/- |
| १६ | श्री आशिका श्रेष्ठ (रिजाल) | अष्ट्रेलिया | ५,५०५/- |
| १७ | श्री केदारनाथ सुनचाँदी पसल | हेटौंडा-१० | ५,५००/- |
| १८ | श्री ने.बि.प्रा., बागमती प्रदेश डिभिजन कार्यालय | हेटौंडा-१० | ५,५००/- |
| १९ | श्री गोर्खा लहरी प्रा.लि. | हेटौंडा-८ | ५,५००/- |
| २० | श्री मकवानपुर महिला उद्योगी व्यबसायी संघ | हेटौंडा | ५,१७५/- |
| २१ | श्री तुलसी मेहर स्कुल | हेटौंडा-१० | ५,१००/- |
| २२ | श्री आशिष श्रेष्ठ | हेटौंडा-१० | ५,१००/- |
| २३ | श्री उर्मिला तामाङ्ग | बौद्ध, काठमाडौं | ५,०१०/- |
| २४ | श्री बाबा बासुकीनाथ पुजारी परिवार | हेटौंडा-१० | ५,००५/- |
| २५ | श्री सिताराम/हनुमान मन्दिर पुजारी परिवार | हेटौंडा-१० | ५,००५/- |
| २६ | श्री धन श्रेष्ठ (भुमि विमान) | हेटौंडा-०४ | ५,००५/- |
| २७ | श्री नविन कुमार लाभ, ने.बि.प्रा., हेटौंडा ग्रीड महाशाखा | हेटौंडा-०१ | ५,००५/- |
| २८ | श्री राजन खरेल | हेटौंडा-१० | ५,००५/- |
| २९ | श्री एम. एम. पोलिमर्स प्रा.लि. | हेटौंडा-८ | ५,००१/- |
| ३० | श्री उद्योग संघ, मकवानपुर | हेटौंडा-८ | ५,००१/- |
| ३१ | श्री सुबोध/बन्टि श्रेष्ठ | हेटौंडा-१० | ५,०००/- |
| ३२ | श्री जय श्री आयल डिष्ट्रिव्युटर्स प्रा.लि. | हेटौंडा-११ | ५,०००/- |
| ३३ | श्री मकवानपुर उद्योग बाणिज्य संघ | हेटौंडा | ५,०००/- |
| ३४ | श्री उत्तम शर्मा ढकाल | हेटौंडा-०४ | ४,१०५/- |
| ३५ | स्व.भूंईचा खड्गी र स्व.भीममाया खड्गीको स्मृतीमा | हेटौंडा-०२ | ३,००५/- |
| ३६ | श्री हेटौंडा सिटि कलेज | हेटौंडा-५ | ३,०००/- |
| ३७ | श्री पूर्ण शाक्य | हेटौंडा-०२ | ३,०००/- |
| ३८ | श्री शिखर ईन्स्योरेन्स कम्पनी प्रा.लि. | हेटौंडा-१० | ३,०००/- |
| ३९ | श्री स्वर्ण भण्डार, ज्योति रत्न बज्रचार्य | हेटौंडा-०४ | ३,०००/- |
| ४० | श्री यति पेन्टस् प्रा.लि. | हेटौडा-८ | ३,०००/- |
| ४१ | श्री रमेशलाल श्रेष्ठ/माया श्रेष्ठ | हेटौंडा-०४ | २,५५५/- |
| ४२ | श्री प्रेम शाक्य | हेटौंडा ०२ | २,५०५/- |
| ४३ | श्री अंकुर र ज्योति पिया | डुम्रे | २,५०५/- |
| ४४ | श्री उदय दहाल परिवार | हेटौंडा-०४ | २,५०५/- |
| ४५ | श्री मकवानपुर होटल एशोशियसन | हेटौंडा-११ | २,५००/- |
| ४६ | श्री मिठुदेवी घले (सपरिवार) | हेटौंडा-१० | २,३००/- |
| ४७ | श्री ज्ञानरत्न बज्रचार्य | हेटौंडा-०२ | २,१०५/- |
| ४८ | श्री चन्द्र सुर्य आयल डिष्ट्रिव्युटर्स प्रा.लि. | हेटौंडा-११ | २,१००/- |
| ४९ | श्री सिंह एण्ड ब्रदर्श | हेटौंडा-०४ | २,१००/- |
| ५० | श्री दिपक श्रेष्ठ | हेटौंडा-१ | २,१००/- |
| ५१ | श्री नरेश जलान परिवार | हेटौंडा-०५ | २,१००/- |
| ५२ | श्री सुन कुमार मानन्धर | हेटौंडा-१० | २,०१०/- |
| ५३ | श्री सदाशिव आयल डिष्ट्रिव्युटर्स | हेटौंडा-११ | २,००५/- |
| ५४ | श्री नारायणी अटो ट्रेड लिंक | हेटौंडा-०४ | २,००५/- |
| ५५ | श्री सत्य नारायण बानियाँ, बिहारी भेराईटी | हेटौंडा-०२ | २,००५/- |
| ५६ | श्री सुरेन्द्र डंगोल | हेटौंडा-४ | २,००५/- |
| ५७ | श्री किरण कटुवाल | हेटौंडा-१० | २,००५/- |
| ५८ | श्री शिवम फ्युल सेन्टर | हेटौंडा-११ | २,०००/- |
| ५९ | श्री ओम आयल डिष्ट्रिव्युटर्स | हेटौंडा-४ | २,०००/- |
| ६० | श्री गणेश स्यार्स कालिका | हेटौंडा-११ | २,०००/- |
| ६१ | श्री आर्यतारा सुनचाँदी पसल | हेटौंडा-०२ | २,०००/- |
| ६२ | श्री बानियाँ बस्त्रालय, राजेश बानियाँ | हेटौंडा-०२ | २,०००/- |
| ६३ | श्री सिप्रदी मोटर्स कम्पनी प्रा.लि. | हेटौंडा-१० | २,०००/- |
| ६४ | श्री मर्निङ्ग हेल्थ क्लब | हेटौंडा-०४ | १,५५५/- |
| ६५ | श्री अंकित श्रेष्ठ | अष्ट्रेलिया | १,५१५/- |
| ६६ | श्री ओम सदाशिव आयल ट्रेडर्स | हेटौंडा-११ | १,५००/- |
| ६७ | श्री पूजा दाँत घर | हेटौंडा-१० | १,५००/- |
| ६८ | श्री हेडम्बा अटो, कृष्ण गोपाल सिंह | हेटौंडा-१ | १,५००/- |
| ६९ | श्री बालकूमारी पार्टि प्यालेस, राजेश मानन्धर | हेटौंडा-०४ | १,५००/- |
| ७० | श्री कृष्ण अग्रवाल | हेटौंडा-०२ | १,५००/- |
| ७१ | श्री मकवानपुर साझा यातायात प्रा.लि. | हेटौंडा-१० | १,५००/- |
| ७२ | श्री रमेश कार्की/तारा कार्की | हेटौंडा-१० | १,५००/- |
| ७३ | श्री मदन कुमार लामा | हेटौंडा-१० | १,१५५/- |
| ७४ | श्री राधाकृष्ण हार्डवयर | हेटौंडा-०२ | १,१११/- |
| ७५ | श्री नरप्रसाद शेरचन | बुटवल | १,१०५/- |
| ७६ | श्री संजु पौडेल, पौडेल बेकरी | हेटौंडा-०४ | १,१०५/- |
| ७७ | श्री रामबाबु सिंह | हेटौंडा-१० | १,१०५/- |
| ७८ | श्री प्रसिद्ध रानाभाट | हेटौंडा-१० | १,१००/- |
| ७९ | श्री शुशिला श्रेष्ठ | हेटौंडा-०२ | १,१००/- |
| ८० | श्री सरु पराजुली परिवार | हेटौंडा-०२ | १,१००/- |
| ८१ | श्री जितेन्द्र श्रीवास्तब | हेटौंडा-०७ | १,१००/- |
| ८२ | श्री गौतम मेशिनरी, विपिन कल्वार | हेटौंडा-०४ | १,१००/- |
| ८३ | श्री ईश्वर लाल कायस्थ | हेटौंडा-०४ | १,१००/- |
| ८४ | श्री मनिष अग्रवाल | हेटौंडा-०२ | १,१००/- |
| ८५ | श्री मनोज जलान | हेटौंडा-०४ | १,१००/- |
| ८६ | श्री विनोद अग्रवाल | हेटौंडा-०४ | १,१००/- |
| ८७ | श्री मंगला श्रेष्ठ | हेटौंडा-१० | १,१००/- |
| ८८ | श्री ज्ञानेन्द्र श्रेष्ठ | हेटौंडा | १,१००/- |
| ८९ | श्री उर्मिला कुमारी गुम्मी | हेटौंडा-४ | १,१००/- |
| ९० | श्री कमल पूलामी | हेटौंडा-१० | १,१००/- |
| ९१ | श्री शान्ति खड्का | हेटौंडा-१० | १,०५५/- |
| ९२ | श्री केदारमान श्रेष्ठ | हेटौंडा-४ | १,०५०/- |
| ९३ | श्री लाल कुमारी बिष्ट | पालुङ | १,०२५/- |
| ९४ | श्री अरुण पन्त | हेटौंडा-१० | १,०१०/- |
| ९५ | श्री रामेश्वर पराजूली | हेटौंडा-०४ | १,०१०/- |
| ९६ | श्री विजय बैद्य | हेटौंडा-०४ | १,०१०/- |
| ९७ | श्री राम कुमार राजभण्डारी | हेटौंडा-०४ | १,०१०/- |
| ९८ | श्री प्रतिमा महाजू | हेटौंडा-१० | १,००५/- |
| ९९ | श्री विकास श्रेष्ठ | हेटौंडा-०५ | १,००५/- |
| १०० | श्री श्रृंगार महल | हेटौंडा-०४ | १,००५/- |
| १०१ | श्री शम्भु केशरी | हेटौंडा-०४ | १,००५/- |
| १०२ | श्री सतिस केशरी (हिरालाल) | हेटौंडा-०४ | १,००५/- |
| १०३ | श्री शारदा देवी जोशी | हेटौंडा-०४ | १,००५/- |
| १०४ | श्री सोनी फैन्सी पसल | हेटौंडा-१० | १,००५/- |
| १०५ | श्री नविन शाक्य (सुन पसल) | हेटौंडा-०२ | १,००५/- |
| १०६ | श्री शिवान्स साह (सम्बत किराना पसल) | हेटौंडा-०२ | १,००५/- |
| १०७ | श्री दिनेश रत्न बस्त्रालय | हेटौंडा-०२ | १,००५/- |
| १०८ | श्री आरती बस्त्रालय | हेटौंडा-०२ | १,००५/- |
| १०९ | श्री होण्डा शोरुम | हेटौंडा-१० | १,००५/- |
| ११० | श्री विग हाउस | हेटौंडा-१० | १,००५/- |
| १११ | श्री सुरेश श्रेष्ठ, श्रेष्ठ ट्रेडिङ्ग कन्सर्न | हेटौंडा-१० | १,००५/- |
| ११२ | श्री शिव गणेश स्टोर्स | हेटौंडा-१० | १,००५/- |
| ११३ | श्री विनोद सेन्युरिया | हेटौंडा-०२ | १,००५/- |
| ११४ | श्री विशेषमान/समर्पणमान श्रेष्ठ | हेटौंडा-२ | १,००५/- |
| ११५ | श्री काजीलाल श्रेष्ठ | हेटौंडा-२ | १,००५/- |
| ११६ | श्री केदार लाल श्रेष्ठ | हेटौंडा-१० | १,००५/- |
| ११७ | श्री शिव शंकर श्रेष्ठ | हेटौंडा-०४ | १,००५/- |
| ११८ | श्री श्याम पौडेल | हेटौंडा-१० | १,००५/- |
| ११९ | श्री विराट किशोर श्रेष्ठ | हेटौंडा-०५ | १,००५/- |
| १२० | श्री स्नेहा श्रेष्ठ | हेटौंडा-१० | १,००५/- |
| १२१ | श्री दूर्गा मोटर पार्टस | हेटौंडा-११ | १,००५/- |
| १२२ | श्री पवित्रा महत | हेटौंडा | १,००५/- |
| १२३ | श्री कल्पना घिमिरे | हेटौंडा-०५ | १,००५/- |
| १२४ | श्री सन्तोष श्रेष्ठ | हेटौंडा-०४ | १,००५/- |
| १२५ | श्री श्यामकुमार र राजकुमारी श्रेष्ठ | हेटौंडा-०२ | १,००५/- |
| १२६ | श्री प्रल्हादभक्त श्रेष्ठ | बिरगंज-८ | १,००५/- |
| १२७ | श्री विमला बिष्ट | हेटौंडा-१० | १,००५/- |
| १२८ | श्री विनय भण्डारी | हेटौंडा-१० | १,००५/- |
| १२९ | श्री बिष्णु खड्का | हेटौंडा-१० | १,००५/- |
| १३० | श्री जिज्ञाशा थापा | भरतपुर | १,००५/- |
| १३१ | श्री रामकृष्ण श्रेष्ठ | हेटौंडा-०५ | १,००१/- |
| १३२ | श्री गौरव सिग्देल | हेटौंडा-०४ | १,००१/- |
| १३३ | श्री सञ्जय श्रेष्ठ | हेटौंडा-०५ | १,०००/- |
| १३४ | श्री पदमलाल (बाबू सेकूवा) | हेटौंडा-१० | १,०००/- |
| १३५ | श्री शंकर अर्याल | काठमाडौं | १,०००/- |
| १३६ | श्री मकालु ट्रेड कन्सर्न | हेटौंडा-११ | १,०००/- |
| १३७ | श्री ओम श्री ईम्पेक्स | हेटौंडा-११ | १,०००/- |
| १३८ | श्री बद्रिनाथ सुनचाँदी पसल | हेटौंडा-१० | १,०००/- |
| १३९ | श्री विजयलाल श्रेष्ठ | हेटौंडा-०४ | १,०००/- |
| १४० | श्री अमृत मानन्धर (अर्मत सेकुवा) | हेटौंडा-१० | १,०००/- |
| १४१ | श्री शिव बुवा आयल | हेटौंडा-०४ | १,०००/- |
| १४२ | श्री भगवानदास मानन्धर | हेटौंडा १ | १,०००/- |
| १४३ | श्री शिला एयर कण्सिनर | हेटौंडा-०४ | १,०००/- |
| १४४ | श्री पौडेल बेकरी | हेटौंडा-०२ | १,०००/- |
| १४५ | श्री के.डि.अप्टिकल सेन्टर | हेटौंडा-०४ | १,०००/- |
| १४६ | श्री डिल्लीराम तिवारी | हेटौंडा-०४ | १,०००/- |
| १४७ | श्री रविन्द प्रसाद घिमिरे | हेटौंडा-०२ | १,०००/- |
| १४८ | श्री नेत्र खतिवडा | हेटौंडा-०२ | १,०००/- |
| १४९ | श्री ओम शान्ति यातायात सुमो | हेटौंडा-०२ | १,०००/- |
| १५० | श्री निको अस्पताल | हेटौंडा-०२ | १,०००/- |
| १५१ | श्री किंग्स मैन टेलर्स | हेटौंडा-०४ | १,०००/- |
| १५२ | श्री स्वर्ण भण्डार | हेटौंडा-१ | १,०००/- |
| १५३ | श्री सञ्जय बस्नेत | हेटौंडा-०४ | १,०००/- |
| | रु. १०००।०० र सो भन्दा बढि सहयोग गर्ने दाताहरुको जम्मा | | ६८३,९२७/- |
| | रु. १०००।०० भन्दा कम सहयोग गर्ने दाताहरुको जम्मा | | १००,०६८/- |
| | बिभिन्न भक्तजनबाट खुद्रा संकलन रकम | | ५,२३०/- |
| | बिशाषय पूजामा टिकाको दक्षिणाबाट | | ८,६२०/- |
| | खुद्रा रकम संकलन, चैत्र २१ गते मन्दिरमा | | ११,४९४/- |
| | जम्मा नगद सहयोग संकलन रकम | | ८०९,३३९/- |

### जीन्सी सहयोग गर्नु हुने दाताहरूको नामावली:

| सि.नं. | नाम | ठेगाना | जिन्सी बिवरण |
|---|---|---|---|
| १ | श्री सिद्धिलाल श्रेष्ठ | हेटौंडा-०१ | कुमारी पाठि १ थान |
| २ | श्री हरिबोल श्रेष्ठ (पवित्रा तेलमिल) | हेटौंडा-०२ | तोरितेल १० लि. |
| ३ | श्री कमला श्रेष्ठ | चिल्ड्रेन पार्क | अण्डा २ क्रेट |
| ४ | श्री प्रमिला श्रेष्ठ | हेटौंडा-०२ | हाँसको अण्डा २ थान |
| ५ | श्री नवराज खतिवडा (ग्रिन एण्ड क्लीन सिटी) | हेटौंडा-७ | बोका १ थन |
| ६ | श्री शम्भु लामा | हेटौंडा-०१ | सुंगुर १ थान |
| ७ | श्री राजन थपलिया | हेटौंडा-५ | हांस १ थान |
| ८ | श्री देवु प्रसाद चौलागाईं | हेटौंडा-५ | कुखुरा १ थान |
| ९ | श्री प्रेम कुमारी पुलामी | हेटौंडा-१० | चाँदीको चेन १ थन |
| १० | श्री पण्डित जी आलु गढि | हेटौंडा-१० | आलु १ बोरा |
| ११ | श्री प्रजन्य प्रधान | हेटौंडा-०९ | सुर्यमुखी तेल ५ ली |
| १२ | श्री ओम बाबा बैद्यनाथ खाद्यान्न भण्डार | हेटौंडा-२ | चिउरा २० केजी |
| १३ | श्री मां बैष्णोदेवी खाद्यान्न भण्डार | हेटौंडा-४ | चिउरा २० केजी |
| १४ | श्री सत्य बहादूर प्रजापति | हेटौंडा-२ | चिउरा २० केजी |
| १५ | श्री विबेक किराना पसल | हेटौंडा-१० | चिउरा २० केजी |
| १६ | श्री गुप्ता खाद्यान्न भण्डार | हेटौंडा-१० | चिउरा २० केजी |
| १७ | श्री हरि खतिवडा | हेटौंडा-४ | चिउरा २० केजी |
| १८ | श्री कुल प्रसाद चौलागाईं | हेटौंडा-४ | अ०डा छ क्रे६ |
| १९ | श्री केशव नकर्मी | हेटौंडा-१० | चिउरा ६० के.जी., चना ८ के.जी., नुन ११ के.जी. |
| २० | श्री अग्रहरि सप्लायर्स | हेटौंडा-११ | चिउरा २० के.जी. |
| २१ | श्री अन्टार्टिक बिष्कुट प्रा.लि. | हेटौडा-८ | बिष्कुट २ कार्टुन |
| २२ | श्री खाद्य उद्योग लिमिटेड, हेटौंडा | हेटौडा-८ | आटा २० के.जी, सुजी २० के.जी. |
| २३ | श्री महेश्वर श्रेष्ठ | हेटौंडा-२ | जेरि २.५ के.जी. |
| २४ | श्री हेटौंडा दुग्ध बितरण आयोजना | हेटौंडा | दहि २० लि. |

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना